हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

वर्ष : ०१ अंक : ७५ पृष्ठ : ४ २०७७ असोज १२ गते सोमबार (Monday 28 September 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost




## जातीय भेदभाव र छुवाछूतका सवालमा सम्वाद कार्यक्रम







**लहान ।** नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ सिरहाले जिल्लाको सखुवानन्कारकट्टी गाउँपालिकामा आइतबार स्थानीय नेतृत्व र स्थानीय स्तरका योजना निर्माण संयन्त्रहरूसँग जातीय भेदभाव र छुवछूतका सवालमा सम्वाद कार्यक्रम आयोजना गरेको छ ।

संघका अध्यक्ष मोहन पासवानको अध्यक्षता र सखुवानन्कारकट्टि गाउँपालिकाका उपाध्यक्ष अमलादेवी यादवको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा स्थानीय तहले वार्षिक योजना तथा बजेट तर्जुमा र कार्यान्वयन गर्दा पछाडि पारिएको दलित समुदायको प्रभावकारी सहभागिताका लागि छलफल गरिएको थियो । कार्यक्रममा सखुवानन्कारकट्टि गाउँपालिकाका १ देखि ५ वडाका वडाध्यक्षहरू क्रमश : शुभ नारायण यादव, विल्टु यादव, महेन्द्र यादव, रमेश यादव र वैधनाथ यादवले योजना छनौट गर्दा बस्तीस्तरदेखि नै दलित समुदायलाई प्राथमिकतामा राखेर योजना तर्जुमा गर्दै आएको बताएका थिए । उनीहरूले विकास निर्माणका काम लगायत हरेक योजनामा समिति निर्माण गर्दा ३३ प्रतिशत दलित समुदायलाई अनिवार्य राख्नुपर्ने प्रावधानका कारण पनि प्राथमिकतामा राख्नैपर्ने भएको बताए ।

कार्यक्रममा सहजकर्ता भरत जर्घामगरले गाउँपालिका वा नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा प्राथमिकतामा राख्नुपर्ने विषयवस्तु, वार्षिक विकास

बाँकी २ पेजमा

## योजना छनौटको चरणबद्ध कार्यतालिका

१) वैशाख महिनाभित्र संघ तथा प्रदेशबाट वित्तीय हस्तान्तरणको खाका, बजेट तथा कार्यक्रम तर्जुमासम्बन्धि मार्गदर्शन प्राप्त गर्ने ।

२) वैशाख मसान्तभित्र स्रोत अनुमान र कूल बजेटको सीमा निर्धारण ।

३) जेठ १५ भित्र बस्ती तथा टोल स्तरबाट योजना छनौट गरिसक्ने ।

४) जेठ २५ गतेभित्र वडास्तरीय योजना प्राथामिकीकरण गर्ने ।

५) असार १५ भित्र बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट बजेट तथा कार्यक्रम तयारी गर्ने ।

६) असार १५ गते गाउँ र नगर कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृति गरी सभामा पेश गर्ने ।

७) असार ३० भित्र गाउँ नगर सभाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृति ।

पहिलो चरण : स्थानीय तहको पहिलो चरण संघ र प्रदेशबाट वित्तीय हस्तान्तरणको खाका प्राप्त गर्नु हो । यो चरणमा स्थानीय तहलाई संविधानको धारा ६० को उपधारा ४ र ५ बमोजिम वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने अधिकार छ । यसैगरी स्थानीय सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा वित्तीय हस्तान्तण बाट प्राप्त स्रोतको पहिचान गर्ने अधिकार छ । संघीय सञ्चित कोषबाट शसर्त अनुदान, समपुरक अनुदान, वा

बाँकी ३ पेजमा

ADMISSION OPEN

Nursery To VIII

LOTUS UNIQUE ACADEMY

Lahan-1, Matiyarwa (Siraha)

Contact : 9842840294, 980853045

भौतिक पूर्वाधारले सम्पन्न, शान्त र रमणीय शैक्षिक वातावरणमा शैक्षिक सत्र २०७७/२०७८ को लागि

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

पञ्चदेवी टेक्निकल ईन्ष्टिच्यूट

प्रत्येक ट्रेडमा ४० वटा कोटा तथा जुनसुकै Grade को विद्यार्थीहरुले सहभागी हुन पाउने व्यवस्था ।

हाम्रा संकायहरू :-

प्रि : डिप्लोमा इन सिभिल ई. - १८ महिने

प्रि : डिप्लोमा इन इलेक्ट्रिकल ई. - १८ महिने

प्रि : डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)-१८ महिने

Affiliated to CTEVT

फारम वितरण गर्ने मिति

२०७७ भदौ ३० गते देखी, समय : ७:०० बजे देखी ५:०० बजे सम्म

फारम भर्ने अन्तिम मिति

२०७७ असोज १९ गते सम्म

Online द्वारा फारम भर्ने

प्रवेश परीक्षा र थप जानकारीको लागि तल उल्लेखित नम्बरमा सम्पर्क गर्नुहोला

थप जानकारीको लागि

सम्पर्क स्थान : पञ्चदेवी टेक्निकल ईन्ष्टिच्यूट

लहान, सिरहा (कुशवाहा चौक ल.ल.कु.मा.वि. को पश्चिमपट्टी)

G-mail : rrsyadav143@gmail.com

प्रिन्सिपल

सम्पर्क नम्बर :-

०३३-५६२४६८ मो. ९८४२६५८८२४

९८१६७३७३३१, ९८१६३०१७९४,

९८०७८७६६१५







फ्रेन्डस मोडल हसिपटल, लहान-३

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू

NICU सहितको प्रसुति सेवा

२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू

बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव

मधुमेह, प्रेसर डा. ल्युस्युन यादव

प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# जातीय ...

योजना तर्जुमा गर्दा ध्यान दिनपर्ने विषयहरू, योजनाको चरणबद्ध कार्य तालिकाहरू बारे सहजीकरण गरेका थिए ।

गाउँपालिकाले योजना तथा बजेट तर्जुमा गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय सहभागिता जुट्ने लगायत विषयलाई प्राथमिकतामा राख्नुपर्ने सुझाएको थियो । त्यसैगरी स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका तथा पिछडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैंगिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्दन गर्न सघाउ पुऱ्याउने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने र स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरूको बारेमा कार्यक्रममा छलफल गरिएको थियो ।

त्यसैगरी वार्षिक विकास योजना तर्जुमा गर्दा ध्यान दिनपर्ने विषयहरू संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रकृयासँग अनुकूल हुने, आवधिक विकास योजना र मध्यमकालीन खर्च संरचना अनुसार प्राथमिकताका विषयहरू, वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थापन, सुशासन, लैगिंक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरण गर्ने जस्ता विकासका अन्तरसम्बन्धित विषयहरू, समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषयहरू, अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने विषयहरू र विषय क्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरूका बारेमा छलफल गरिएको थियो ।

त्यसैगरी कार्यक्रममा स्थानीय तहको योजना प्रणाली सहभागितामूलक हुने कानुनी र नीतिगत व्यवस्थाको बारेमा चर्चा गरिएको थियो । टोल वा बस्तीस्तरबाट योजना छनौट भएका योजना वडाको प्राथमिकीकरणमा पर्नुपर्ने व्यवस्था छ । प्राथमिकीकरणमा परेका योजनाहरु कार्यपालिकाको स्वीकृति र सभाले पारित गरे पछि स्थानीय तहको वार्षिक योजना बन्ने व्यवस्था छ । साविकका स्थानीय निकायमा १४ चरणको योजना छनौट प्रणालीको अभ्यास हुँदै आएको थियो । हालका स्थानीय तहमा भने ७ चरणको योजना प्रणाली अबलम्बन गर्नुपर्ने व्यवस्था छ । यो प्रणालीले सम्बन्धित सभालाई जिम्म्मेवार बनाएको छ भने गाउँपालिका तथा नगरपालिकाले समुदाय र बस्तीस्तरलाई नागरिक सहभागिताको थलोका रूपमा परिभाषित गरेको छ । वडास्तरलाई सिफारिस गर्ने निकायका रूपमा स्थापित गरेको छ । गाउँपालिका र नगरपालिकाको योजना बन्न वडाको प्राथामिकीकरण गर्नैपर्ने हुन्छ । कार्यक्रममा वडाध्यक्षद्वय रमेश यादव र महेन्द्र यादवले योजना तर्जुमा गर्दा दलित समुदायलाई प्राथमिकतामा राखेर गर्दै आएको बताए । कार्यक्रम संयोजक जयराम विश्वकर्माले कार्यक्रमको उद्धेश्य बारेमा प्रकाश पारेका थिए ।


## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

गोलबजार नगरपालिका कार्यालय, सिरहा



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा


# नेपालको सन्दर्भमा प्रजातान्त्रिक समाजवादको नमुना

## बिपी कोइराला राजनीतिक अभिलेख

**अघिल्लो अंकको बाँकी**

प्रजातान्त्रिक भावना त्यही हो । त्यो देश प्रजातन्त्रको आधार हो । स्टेच्यु अफ लिबर्टीमा



प्रजातन्त्रको खाँचो भएका जहाँसुकैका जनतालाई यहाँ स्वागत छ भन्ने लेखिएको छ । त्यसमा लेखिएको वाणी वास्तवमै धेरै मार्मिक छ । त्यो स्टेच्यु अफ लिवर्टी त्यहाँ कसले बनायो ? त्यो फ्रान्सका जनताले अमेरिकी जनतालाई दिएको उपहार हो । फ्रान्समा क्रान्ति भयो । त्यसबेला स्वतन्त्रताको लडाइँ लडेका अमेरिकीहरूसँग फ्रान्सेलीहरूको ठूलो भावनात्मक एकता विकास भएको थियो । अमेरिकीहरूले स्वतन्त्रताको लडाइँ जुन मागका साथ लडेका थिए, फ्रान्सेलीहरूले त्यही मर्ममा क्रान्ति गरेका थिए । अमेरिकी जनताको स्वतन्त्रताको लडाइँबाट फ्रान्सेली क्रान्तिले प्रेरणा र मद्दत पाएको हुनाले फ्रान्सका जनताले चन्दा उठाएर फ्रान्सका कालिगढहरूलाई त्यो प्रतिमा बनाउन लगाएर त्यहाँ पठाएका थिए । त्यो प्रतिमा त्यस क्रान्तिको प्रमाणस्वरूप जनताले देख्न पाउने ठाउँमा, एउटा सानो टापुमा राखिएको छ । प्रजातान्त्रिक समाजवादका लागि अमेरिकी स्वतन्त्रताको युद्ध र फ्रान्सेली क्रान्ति, रूसी क्रान्तिभन्दा ज्यादा महत्त्वपूर्ण छ, मैले यतिमात्र भन्न खोजेको हुँ ।

एउटा प्रश्न उठ्छ, समाजवादी विचारधाराको आन्दोलनमा यी दुईवटा धाराहरू कसरी मिस्सिए ? लेनिनले सत्ता लिइसकेपछि पनि उनको पार्टीमा पनि यी दुईवटा धारा देखापरे । एउटा पक्षले भन्यो, 'हामीले अहिलेसम्मको सभ्यताले दिएका अधिकारहरू थप्नका लागि क्रान्ति गरेका हौं, अधिकार खोस्नको लागि होइन । इङ्गल्याण्डमा वा अरू ठाउँमा उपभोगमा रहेको प्रजातन्त्रिक अधिकार प्राप्त गरौं र त्यस्तो प्रजातन्त्रको गुणात्मक फल हाम्रो पक्षमा झन् बेसी होस् भनेर क्रान्ति गरेका हौं । तर उनीहरूले उपभोग गरेको प्रजातन्त्रलाई मासेर एउटा पार्टीको अधिनायकवाद स्थापित गर्ने हो भने क्रान्तिको के अर्थ ?' त्यहाँ विचारको यस्तो आन्दोलन चल्यो । त्यति मात्र होइन, त्यहाँ 'एउटै पार्टीका अधिनायकवाद भए पनि पाटीभित्र त प्रजातन्त्र चाहियो' भन्ने अर्को वैचारिक आन्दोलन पनि चलेको छ । यसरी आर्थिक अर्थमा समानताको आन्दोलन हुँदा त्यसमा दुईवटा पक्ष छर्लङ्ग देखिए । तीमध्ये एउटा पक्ष प्रजातन्त्र नछोड्ने, बरु प्रजातन्त्रमा अझ थप गर्ने पक्षमा थियो भने अर्को पक्ष प्रजातन्त्र भनेको पुँजीपतिहरूको विलासको विषय हो, त्यसो हुँदा हामी सर्वहाराहरूलाई प्रजातन्त्र चाहिँदैन भन्ने पक्षमा उभियो । हामी पहिलो पक्षका मानिस हौं ।

यसलाई विचार गर्दा नेपालका समाजवादीहरूले सबैभन्दा प्राथमिकता दिनुपर्ने पक्ष प्रजातन्त्र हो । हामीलाई बास, गाँस र कपास चाहियो भन्ने नारा यहाँ उठ्ने गर्दछ । बास, गाँस र कपास दिने मागका सन्दर्भमा हामीले दुईवटा प्रश्नमा विचार गर्नुपर्छ । पहिलो प्रश्न, हाम्रो आर्थिक व्यवस्था कस्तो छ ? गाउँमा बासका निम्ति घर चाहियो, लुगा चाहियो, खानपिनको व्यवस्था गर्नुपऱ्यो । यो काम जादुको छडीबाट हुँदैन । नेपालका सारा ग्रामीणहरूलाई गाँस, बास र कपास वा घर, लुगा र खानपिन उपलब्ध गराउन सक्ने व्यवस्था ल्याउनुपऱ्यो, त्यो नाराको अर्थ यही हो । त्यो नाराको अर्थ प्रजातान्त्रिक व्यवस्था चाहियो भन्ने हो । अनि, त्यो माग पूरा गर्नका लागि कार्यक्रम चाहिन्छ । देउताको पूजा गरेर, वर्षा गराउने कोसिसमा कोटीहोम गरे जस्तो वा त्यस्तो कुनै उपायद्वारा गर्ने हो भने अर्कै कुरा हो । त्यसो गर्दा त बाँध बाँध्न पनि पर्दैन, त्यसैबाट सबै थोक भइहाल्छ ।

सारा नेपालीलाई गाँस, बास र कपास दिनका लागि उपयुक्त कार्यक्रम दिनु आवश्यक छ । तर त्यो कार्यक्रम कसले दिने ? अहिले यहाँ त्यसैमा झगडा छ । गाँस, बास, कपास भन्नेबित्तिकै 'त्यो आर्थिक कार्यक्रम दिने अधिकार कसको हो ?' भन्ने प्रश्न उठ्छ । हामी भन्छौं, त्यो अधिकार जनताको हो । त्यही हुनाले शासकहरू नियुक्त गर्ने र फ्याँक्ने जनताको अधिकारको प्रश्न उठ्छ । प्रश्न उठ्छ, जनतालाई गाँस, बास, कपास कसरी सुलभ हुन सक्छ ? हामीहरू भन्छौं, यो एउटा आर्थिक प्रश्न हो, त्यसलाई पूरा गर्न कार्यक्रम चाहिन्छ । अनि फेरि प्रश्न उठ्छ, 'त्यो कार्यक्रम बनाउने अधिकार कोसँग छ ? त्यो कार्यक्रमलाई कार्यान्वयन गर्ने अधिकार कोसँग छ ?' अहिलेको सरकार भन्छ, 'त्यो काम गर्ने जिम्मा मेरो हो ।' राजा भन्छन्, 'त्यो काम म आफैँ गर्छु, मैले नियुक्त गरेका कर्मचारीहरूले गर्छन् ।' हामी भन्छौं, 'त्यसो होइन, जसलाई पिरमर्का परेको छ, उनीहरूले नै आफ्ना लागि कस्तो कार्यक्रम चाहिएको छ भन्ने निर्णय गर्न पाउनुपर्छ, त्यसको कार्यान्वयन गर्न पाउनुपर्छ ।' राजाले पनि पढेलेखेका मानिसहरूको सल्लाह लिएर काम गर्छन्, आफ्नै ज्ञानले मात्र गर्दैनन् । जनतालाई त्यसको ज्ञान छैन भने उसले पनि सल्लाह लिन्छ । राजाले जोसँग सल्लाह लिएर कार्यक्रम बनाउने गरेका छन्, जनताका प्रतिनिधिहरूले पनि उनीहरूसँग सरसल्लाह गर्छन् ।

अब, विकास कार्यक्रमको सम्बन्धमा हेरौं । अहिलेसम्म विकासको कार्यक्रममा पश्चिमी जगत्‌को अगुवा अमेरिका हाम्रो निम्ति मोडेल भएको छ । हामी जहिले पनि त्यहाँका वायुयानहरू, त्यहाँका ठूला–ठूला घरहरूको चर्चा गर्छौं र त्यस्तै किसिमको आर्थिक ढाँचा बन्यो भने यहाँ पनि ठूला–ठूला कलकारखाना, सडकहरू बन्नेछन् भन्ने परिकल्पना गर्छौं । हामी अमेरिकाको मोडललाई आफ्नो देशको मोडल कायम गर्न लागिपरेका छौं । अमेरिकाको जनसङ्ख्या विश्वको जनसङ्ख्याको ६ प्रतिशत मात्र छ, तर त्यही ६ प्रतिशत जनसङ्ख्याको वैभवको निम्ति उसले विश्वको सम्पत्तिको ३० देखि ३५ प्रतिशत खर्च गर्नुपरिरहेको छ । अहिले त्यो ६ प्रतिशत जनसङ्ख्याको वैभव जति छ त्यस वैभवलाई बचाउन उसले दुनियाँभरि तेल खोज्दै हिँड्नुपरेको छ, जङ्गल खोज्दै हिँड्नुपरेको छ, खनिज पदार्थ खोज्दै हिँड्नुपरेको छ । यसरी आफ्नो देशको स्रोतबाट नपुगेर अरू मुलुकहरूबाट लिएर त्यहाँको त्यो ६ प्रतिशत जनसङ्ख्याको वैभव टिकेको छ । हिन्दुस्तान र चीनमा मात्र संसारको कुल जनसङ्ख्याको साठी प्रतिशत होला । अमेरिकी मोडल नै अपनाउने हो भने हिन्दुस्तान र चीनले वैभवका साधनहरू खोज्दै अरू ग्रहहरूमा जानुपर्ला । त्यसर्थ मोटो बुद्धि भएको मानिसले पनि भन्छ, त्यो मोडेल हाम्रो निम्ति उपयुक्त छैन ।

हिन्दुस्तानमा निक्कै विकास भयो भनिन्छ । तर त्यहाँ पनि ३–४ प्रतिशत जनताको मात्र वैभव बढेको छ, अरू जनता त गरिबको गरिब नै छन् । अहिले विश्वमा साधनमाथि अमेरिकाको नियन्त्रण रहन्छ कि रहँदैन, रूसको नियन्त्रण रहन्छ कि रहँदैन भन्ने होड लडाइँको सबैभन्दा ठूलो कारण भएको छ । तर अमेरिकाभित्र पनि मोडेलको प्रश्न उपस्थित छ ।

अब, तेलको प्रसङ्ग उठाऔं । अमेरिकाले आफ्नो औद्योगिक विकासका लागि जुन परिणाममा तेलको प्रयोग गरिरहेको छ, विश्वले त्यही परिणाममा तेलको प्रयोग गर्न थाल्यो भने विश्वमा दस वर्षभन्दा बेसीको लागि तेलको भण्डार छैन । यहाँ त्यही परिमाणमा मोटर चल्न थाले भने भने हामीलाई कति पेट्रोल चाहिएला ? फेरि, हामीसँग पेट्रोलको खानी छैन । अहिले ५० हजार जति पनि मोटर–ट्याक्टर नहुँदा त हामीलाई धौ–धौ परेको छ भने तेलमा आधारित त्यस्तो औद्योगिक व्यवस्था हामी धान्नै सक्तैनौं । हामीले सोच्नुपर्छ, 'यहाँ आर्थिक विकास पनि हुन सक्ने र समानता पनि हुन सक्ने कुनै अर्को मोडल छ कि छैन ? कि त्यही अमेरिकाको मोडल मात्र छ ?' हामीलाई लाग्छ, 'अर्को बाटो पनि छ, अर्को मोडल पनि छ । तर त्यसलाई प्रयोग गरिएको छैन ।' अमेरिकामा पनि यो समस्या उठिरहेको छ । अर्को मोडेल खोज्नुपऱ्यो, यो पुरानो मोडेल काम लाग्दो भएन भन्ने आवाज उठिरहेको छ । नेपालमा म त्यही भनिरहेको छु । म भन्छु, 'अर्को मोडेल

———बाँकी ३ पेजमा


## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

# सिरहामा २१ कोरोना संक्रमित थपिए

**लहान ।** सिरहामा आइतबार २१ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । जिल्ला स्वास्थ्य कार्यालय सिरहाका अनुसार मिर्चैयास्थित क्वारेन्टाइन र इलाका प्रहरी कार्यालमा ८ जना, भगवानपुर गाउँपालिकामा ५ जना, धनगढीमाईमा ३ जना र अन्य स्थानमा गरी २१ जनामा कोरोना संक्रमण पुष्टि भएको हो ।

यसैगरी नेपाली प्रदेश २ मा २ सय ६५ जनामा कोरोना पुष्टि भएको छ । योसँगै प्रदेश २ मा कोरोना संक्रमितको संख्या ८ हजार ३२८ पुगेको छ ।

सामाजिक विकास मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा सबभन्दा बढी पर्सामा ७९ जना कोरोना संक्रमित भेटिएका हुन् । यस्तै सर्लाहीमा ५०, बारामा ३८, धनुषामा २९, महोत्तरीमा १७, रौतहटमा १२ र सप्तरीमा १९ जनामा कोरोना पुष्टि भएको छ ।

पछिल्लो २४ घण्टामा प्रदेश २ का ५ जनाको मृत्यू कोरोनाकै कारण भएको छ । मृत्यू हुनेहरूमा पर्साको वीरगंजमा ४८ वर्षीय र ७४ वर्षीय दुई पुरूष, बाराको कलैयामा ५९ वर्षीय पुरूष, धनुषाको नगराईन नगरपालिका ३ का ५० वर्षीय पुरूष र सर्लाहीको मलङ्वा नगरपालिका ९ का ४० वर्षीय पुरूष रहेका छन् ।

**मृत्युपछि कोरोना पुष्टि**

धनुषामा मृत्यू भइसकेपछि गरिएको परीक्षण पश्चात कोरोना रिपोर्ट पोजेटिभ आएको छ । नगराईन नगरपालिका–३ फुलगामाका ५० वर्षीय पुरूषमा कोरोना पुष्टि भएको हो ।

स्वास्थ्य अवस्था बिग्रेपछि उनी विहिवार प्रादेशिक अस्पताल जनकपुरमा भर्ना भएका थिए । तर उपचार सम्भव नभएपछि काठमाडौं लैजाँदै गर्दा बाटोमै उनको मृत्यू भएको थियो । उनको स्वाब बिहीबार नै लिएको थियो । स्वाब परीक्षण गर्दा उनको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयका वरिष्ठ जनस्वास्थ्य प्रशासक बिजय झाले जानकारी दिए ।

उनको दाहसंस्कार समेत घर लगेर आफन्तले सोही दिन गरिसकेका छन् । दाहसंस्कार २४ घण्टापछि कोरोना पुष्टि भएपछि गाउँमा त्रास बढेको छ । नगराइन नगरपालिकाले आइतबार राति १२ बजेदेखि ५ दिनका लागि वडा नम्बर ३ र ४ सिल गने निर्णय गरेको छ ।

नगराइन नगरपालिकाका प्रमुख परमेश्वर यादवले विज्ञप्ती जारी गरेर दुई वटा वडा सिल गरिएको जानकारी गराएका हुन् । उनले सिल गरिएको वडामा भिडभाड नगर्न, पूजापाठ, मेला नगर्न र पसलहरू नखोल्न अपिल गरेका छन् ।

## योजना...

अन्य विशेष अनुदान प्राप्त गर्ने अधिकार छ । यी सबै सम्भावित अनुदान र वित्तीय हस्तान्तरणका खाकाहरु र यसको मार्गदर्शन वैशाखको पहिलो साताभित्र स्थानीय तहले प्राप्त गरिसक्नु पर्ने व्यवस्था छ । त्यसपछि मात्र स्थानीय तहको योजना तर्जुमा प्रक्रिया सुरु हुन्छ ।
दोस्रो चरण : यस चरणमा स्थानीय सरकार बढी क्रियाशील हुनुपर्छ

१) सबैभन्दा पहिले स्थानीय तहको वस्तुगत विवरण आवश्यक पर्छ । विवरणमा स्थानीय तहको भौगोलिक, सामाजिक र आर्थिक पूर्वाधारलगायतको यथार्थ विवरण चाहिन्छ ।

२) गाउँपालिका वा नगरपालिकाको उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा बढीमा ७ सदस्यीय राजस्व परामर्श समिति गठन गर्नुपर्छ । समितिले राजस्वका स्रोत, दायरा र करका दरसमेत प्रस्ताव गर्नेछ ।

३) गाउँ र नगरका अध्यक्ष वा प्रमुखको अध्यक्षतामा स्रोत अनुमान तथा बजेट निर्धारण समिति गठन गर्नु पर्छ । यो समिति पनि ७ सदस्यीय हुनेछ । यो समितिले पहिलो चरणमा आफूलाई प्राप्त वित्तीय हस्तान्तरणको खाका, राजस्व समितिको प्रतिवेदन, आन्तरिक ऋणलाई स्रोत र साधनको प्रक्षेपित खाका तयार गर्नेछ । यो समितिले बिषयागत क्षेत्रको सीमा, कार्यक्रमको प्राथामिकीकरण, विषयगत क्षेत्रलाई मार्गदर्शन तयार गर्ने छ । यो समितिले वडा तह र बस्तीस्तरमा योजना छनौटको मोडालिटी र बस्ती स्तरको योजना छनौटको मितिसमेत तय गरी सूचना जारी गर्ने छ ।

तेस्रो चरण : तेस्रो चरणमा बस्ती, टोलस्तरबाट योजना छनौट गर्ने हो ।

१) एक वडा भित्र विभिन्न बस्ती तथा टोल हुन सक्छन् । यस्तो टोलहरू वडाले आवश्यक मात्रामा कलस्टर बनाएका हुन्छन् । यस्तो वडा भेलामा बस्तीस्तरका सबै नागरिकलाई बस्तीस्तरको भेलामा जम्मा गरिएको हुन्छ ।

२) यो बस्तीस्तरीय भेला आयोजना गर्न वडा सदस्यको नेतृत्वमा टोली खटाइएको हुन्छ ।

३) बस्ती तथा टोलको योजना छनौटमा सबै समूदायको अर्थपूर्ण सहभागिताको व्यवस्था गर्नु पर्दछ । बालबालिकाहरूको पनि बेग्लै भेला गराउनु अर्थपूर्ण हुन्छ ।

चौथो चरण : वडा समितिले बस्ती तथा टोलबाट आएका योजना तथा कार्यक्रमलाई विषयगत क्षेत्र समेत छुट्यार प्रथामिकता दिनु पर्दछ ।

पाँचौ चरण : वडा तहबाट प्राप्त योजना तथा कार्यक्रमलाई अन्तिम टुङ्गो लगाउन गाउँपालिका तथा नगरपालिकामा उपाध्यक्ष वा उपप्रमूखको संयोजकत्वमा बिषयगत प्रमूखहरू सम्मिलित बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नु पर्छ । यो समितिले आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार, वातावरण तथा विपद्, संस्थागत पूर्वाधार, वित्तीय व्यवस्थापन सम्बन्धी विषयगत सूचि तयार गर्नेछ । यस्तो सूचिमाथि बेग्लाबेग्लै कार्य समूहमा छलफल गराइन्छ । यी सबै प्रक्रिया पूरा गरेपछि स्थानीय तहको वार्षिक योजना तथा कार्यक्रमको प्रस्ताव तयार हुन्छ ।

## नेपालको...

छ । त्यो मोडेल गान्धीले दिएका छन् । म त्यस मोडलललाई नेपालमा आफ्नै तरिकाबाट गान्धी वा जयप्रकाशको परिकल्पनाअनुरूपको प्रयोग गर्न चाहन्छु ।' गान्धीले अनुभवको आधारमा बडो मौलिक किसिमले मार्क्सको भन्दा मौलिक विचार दिएका छन् । मलाई लाग्छ, यो बीसौं शताब्दीमा विश्वमा सबैभन्दा ठूलो मौलिक चिन्तक कोही आए भने गान्धी नै आए । गान्धी भन्छन्, 'अहिले मानिसले आर्थिक रूपमा सम्पन्न पनि हुनुपरेको छ, राजनीतिक रूपमा स्वतन्त्र पनि हुनुपरेको छ ।'

प्रश्न उठ्छ, 'नेपालमा गान्धीको त्यही मोडेल लागू गर्नुपर्‍यो भने के गर्ने ?' मानौं, नेपालमा ४ हजार जति गाउँ पञ्चायत छन् । यसलाई हेर्दा नेपालका अधिकांश जनता त गाउँमा बस्ता रहेछन्, सहरी जनता कम रहेछन् भन्ने देखिन्छ । तसर्थ नेपालको सन्दर्भमा जनताको विकास भनेको गाउँको विकास हुने भयो । गाउँका जनतालाई ४–५ कुरामा स्वावलम्बी बनाएको खण्डमा गाउँको विकास हुन सक्छ । यहाँ त विकासको पहिचान सहरमा कति बिजुली आयो भन्नेबाट हुने गर्छ । तर त्यसले मलाई त्यति प्रभावित गर्दैन । गाउँमा बिजुली पुग्न सक्यो भने पो त्यसको महत्त्व हुन्छ । यहाँ सहरमा हामीले गर्न सक्ने सोख गाउँका मानिसहरूले पनि गर्न पाए भने पो त्यसको कुनै अर्थ हुन्छ । म समाजवादीहरूलाई गाउँसँग सम्बन्धित चार–पाँच कुराहरू हासिल गर्न आह्वान गर्दछु । अचेल त्यसतर्फ मानिसहरूको ध्यान जान थालेको छ, विदेशीहरू पनि यहाँ त्यस्तै सहायता दिन खोज्दै छन् । एउटा मानिसले आफ्नो भोजनको निम्ति बाहिर निर्भर हुनु नपरोस् । त्यसका लागि सबैभन्दा पहिले नेपालभन्दा बाहिर निर्भर हुनु नपरोस् र दोस्रो, आफ्नो गाउँक्षेत्रको सिमानाभन्दा बाहिर पनि निर्भर हुनु नपरोस् । त्यहीँका खेत र पाखाहरूबाट अन्न उब्जाउन सकियोस् र त्यस सिमानाभित्रका मानिसहरूलाई अन्नको अभाव नहोस् । अन्न भन्नासाथ मेरो तात्पर्य जमिनबाट उब्जने सबै प्रकारका खाद्य पदार्थहरू हुन् । यो एउटा कार्यक्रम लागू हुनेबित्तिकै लहरो तान्दा पहरो गर्जे जस्तो हुन्छ । तर मुखले भनेर मात्र पनि त्यो पूरा हुँदैन । बाली राम्रो हुनका निम्ति पानी चाहिन्छ । त्यसका लागि नहर, कुलो के–के चाहिन्छ, त्यसको व्यवस्था गर्ने काम पनि गर्नुपर्‍यो । बाली राम्रो हुनका लागि राम्रो बीउ चाहिन्छ, मल चाहिन्छ । एउटा गाउँमा बस्ने मानिसहरूले खान पुग्ने अन्न त्यहीँ उब्जाउनका निम्ति यी सबै कुराहरू प्राप्त गर्नुपर्छ । तसर्थ गाउँमा बालीनालीको राम्रो व्यवस्था होस्, मल र बीउको राम्रो व्यवस्था होस् भन्नेमा म प्राथमिकता दिन्छु । मेरो समाजवादी कार्यक्रमका प्राथमिकताहरू यसरी निर्धारित हुनेछन् ।

मानिसको दोस्रो आवश्यकता बास हो । म घर बनाउनका निम्ति त्यही गाउँमा उपलब्ध सामग्रीहरूको प्रयोग होस् भन्ने चाहन्छु । म कर्कट पाता, सिमेन्ट, छड इत्यादि बाहिरबाट मगाएर घरको निर्माण गर्नुपर्छ भन्ने पक्षमा छैन । स्थानीय स्तरमा उपलब्ध सामग्रीहरूको आधारमा घरहरू बन्नुपर्छ भन्ने मेरो धारणा छ । त्यसका लागि जङ्गलको आवश्यकता पर्छ । यसो भन्नेबित्तिकै अर्को कार्यक्रम आउँछ, जङ्गल संरक्षण गर, जङ्गल लगाऊ, पुरानो जङ्गल फाँड, नयाँ जङ्गल लगाऊ भन्ने कार्यक्रमको खाँचो परिहाल्छ । बास चाहियो भन्नासाथ कसैले पनि बास दिन सक्तैन ।

हामी भन्छौं, मानिसको अर्को आवश्यकता कपास वा कपडा हो । हाम्रो नमुनाअनुसार यसका लागि हामीले ठूलाठूला कारखाना खोल्नुपर्दैन । हामीले साना–साना उद्योगहरूबाट आफ्नो लुगाको आवश्यकता पूरा गर्नुपर्छ । हामीले अहिले आफ्नो पेट काटेर अन्न बेचेर आएको पैसाले लुगा किनेर लगाउनुपर्ने अवस्था छ । हामी सबैले अहिले लगाएको लुगा बाहिरबाट आएको हो । यसका निम्ति कहाँबाट रूपैयाँ आउँछ ? हाम्रो मेहनतबाट उब्जेको अन्न बाहिर पठाएर त हामीले यो लुगा पाएका हौं नि । तसर्थ हामीले त्यसको व्यवस्था आफ्नै गाउँभित्र गर्नुपर्छ । कपासको समस्या हल गर्ने कार्यक्रम हामीले गाउँबाटै लागू गर्नुपर्छ ।

नेपालमा शिक्षाको समस्या छ । शिक्षा हासिल गर्नका निम्ति हामीले गाउँबाहिर, देशबाहिर जानुपर्ने अवस्था छ । तसर्थ, त्यसका लागि हामीले गाउँभन्दा बाहिर जानु नपर्ने, स्वावलम्बी बन्ने उपाय खोज्नुपर्छ । उच्च शिक्षाको सन्दर्भ अर्कै हो, तर सबैले गाउँमै प्राथमिक र माध्यमिक शिक्षा पाउनुपर्छ, एउटा गाउँको बासिन्दाले आफ्नो सन्तानलाई पढाउन काठमाडौं पठाउनुनपर्ने अवस्था आउनुपर्छ । तसर्थ हामी समाजवादीको चौथो कार्यक्रममा स्थानीय तहमा उपलब्ध प्रतिभाहरूको माध्यमबाट प्राथमिक र माध्यमिक शिक्षा उपलब्ध गराउने र त्यसका लागि बाहिर जानु नपर्ने व्यवस्था हुनुपर्छ ।

त्यसपछि स्वास्थ्य, स्वास्थ्य सेवाको व्यवस्था कसरी गर्ने भन्ने प्रश्न आउँछ । अहिले गाउँमा डाक्टरहरू छैनन्, अलिकति बिसञ्चो भयो भने दौडेर काठमाडौं जानुपर्छ । तसर्थ डाक्टरमाथि निर्भर रहेर यहाँको जनस्वास्थ्यमा सुधार आउँदैन । एउटा डाक्टर तयार गर्नका लागि कम्तीमा पनि दुई–तीन लाख रूपैयाँ खर्च हुन्छ । अमेरिकामा जनसङ्ख्याको अनुपातमा धेरै डाक्टरहरू छन् भने हिन्दुस्तानमा अत्यन्त थोरै छन् । हाम्रो देशमा त डाक्टरहरूको सङ्ख्या झन् नगण्य छ । एउटा डाक्टर त्यो पनि २–३ लाख रूपैयाँ खर्च गरेर तयार गर्दा हामी सबैको लागि डाक्टरी सुविधा कहिले दिन सक्छौं ? त्यसो हुँदा मेरो समाजवादी स्वास्थ्य कार्यक्रममा यस्ता डाक्टरहरूको महत्त्व छैन । एक जना सर्जनले प्राप्त गरेको तालिमबमोजिमको क्लिनिक खोल्न ३० लाखजति रूपैयाँ लाग्छ । यस्तो डाक्टरको उपयोग हामी कसरी गर्न सक्छौं ? एकचोटि बम्बईमा डाक्टरहरूको सम्मेलन भएको थियो । त्यतिबेला चिकित्सा गर्न म पनि बम्बई गएको थिएँ । मलाई ठूला डाक्टरहरूले जाँच्थे । त्यो सम्मेलन सकिएपछिको भोजमा उनीहरूले मलाई पनि बोलाएका थिए । त्यहाँ जयप्रकाश नारायण पनि उपस्थित हुनुभएको थियो । त्यसबेला डाक्टरहरूसँग छलफल भयो । मैले उनीहरूलाई भनें, 'भोलि हामीहरू सरकारमा पुग्यौं भने नेपालमा स्वास्थ्य सेवाको कस्तो व्यवस्था गर्न सम्भव होला ?' उनीहरूले भनें, 'तपाईंको पनि हिन्दुस्तानको जस्तै अवस्था त होला नि ! सायद त्यसभन्दा पनि खराब अवस्था होला ! हिन्दुस्तानमा ८० देखि ८५ प्रतिशत रोग पानीका कारणले हुन्छ । त्यसर्थ गाउँ–गाउँमा सफा पानी, खान हुने पानी पुर्‍याइदिने हो भने मात्र पनि ८५ प्रतिशत रोगको निवारण स्वत: हुन्छ, उपचार गर्नुपर्ने रोग १५ प्रतिशत मात्र बाँकी रहन्छ । यस अवस्थामा तपाई के चाहनुहुन्छ ? प्राथमिकता कसरी निर्धारित गर्नुहुन्छ ? तपाईको मुलुकका १० प्रतिशत रोगीहरू उपचारका लागि कुनै न कुनै प्रकारले हाम्रो मुलुकमा आइपुग्छन् । त्यसपछि ५ प्रतिशत बाँकी रहन्छन् । ती ५ प्रतिशत रोगीका लागि ठूला–ठूला डाक्टर तयार पार्न र ठूला–ठूला अस्पतालहरू बनाउनका लागि तपाईंले करोडौं रूपैयाँ खर्च गर्नुपर्छ । त्यसो हुँदा तपाई १० वर्षको कार्यक्रम बनाउनुहोस्, प्रत्येक गाउँमा स्वच्छ खानेपानी पुर्‍याउने कार्यक्रम ल्याउनुहोस्, त्यो तपाईंहरू आफ्नै सामर्थ्यले गर्न सक्नुहुन्छ । त्यसो गरेको खण्डमा धेरै ठूलो सेवा हुन्छ ।'

यो नेपालमा समाजवादको पाँचौं र आखिरी प्राथमिकताको कार्यक्रम हुनेछ । यो समाजवाद गाउँले मोडलको हो । यो मोडल लागू गर्दा कुनै ठूलो डाक्टरी संस्था पनि खोल्नुपर्ने छैन । गाउँमा खानेपानी पुर्‍याउन सक्यौं भने हामीलाई अहिले ठूला अस्पतालहरू खोल्नका लागि लागनी आवश्यक पर्नेछैन । यसरी हामीले यी पाँचवटा कार्यक्रमहरू निर्धारण गरेर कार्यान्वयन गर्न सक्यौं भने हामीले ठूलै प्रजातान्त्रिक समाजवादी क्रान्ति गरिसकेका हुनेछौं । *२७ डिसेम्बर १९८१ (१२ पुस २०३८) स्रोत: राजा, राष्ट्रियता र राजनीति, गणेशराज शर्मा*

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**सिरहा नगरपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**औरही गाउँपालिका कार्यालय, सिरहा**

# पालिका शिक्षामा 'एप्रिसियटिभ इन्क्वायरी' को उपयोग

पालिका बहस

डा. विजयप्रसाद मिश्र



'एप्रिसियटिभ' Appreciative लाई नेपालीमा पसन्दयोग्य वा प्रशंसायोग्य भनिन्छ । यसको अर्थ कृतज्ञ र कुनै कुराको गुण या मूल्य बढाउनु वा महत्व दिनु समेत हुन्छ । त्यसैगरी 'इन्क्वायरी' Inquiry लाई प्रश्न, जाँच, अनुसन्धान या खोज तलास भन्ने गरिन्छ । यसलाई खोजविन गर्नु वा अध्ययन गर्नु पनि भन्ने गरिन्छ । अंग्रेजीको Appreciative Inquiry लाई नेपालीमा प्रशंसनीय खोज या सह्रानीय जाँच या कृतज्ञ खोज जे भनिए पनि उही हो । प्रशंसनीय खोज एउटा सिद्धान्त हो । प्रशंसनीय खोज पद्दति भनेको प्रत्येक मानिस, संघसंस्था र समुदायमा अन्तरनिहित गुणाहरू, सफलताहरू र सवलताहरूको खोजविन गरेर त्यसका कारणहरू पत्ता लगाई सवलताहरूको थप बृद्धि गर्दै नयाँ भविष्यको निर्माण गर्नु हो । यो सिद्धान्तका जन्मदाता David Cooperrider हुन । उनले अमेरिकाको Case Western Reserve University बाट पीएच.डी. गर्दा यो सिद्धान्त बनाएका हुन ।

यो सिद्धान्तको मुख्य लक्ष्य नै असफलताको खोजी नगरी सफलताको कारणहरूको खोजी गर्नु हो । यसका दुई यथार्थलाई हामीले कहिल्यै विर्सन हुँदैन, पहिलो, हामी जे चाहन्छौं त्यही पाउँछौं अर्थात जस्तो प्रश्न गर्दछौं त्यस्तै उत्तर पाउँछौं । अर्को, हामी जहाँ जान चाहन्छौं त्यही पुग्छौं । यसका तीन सिद्धान्तमा बढी ध्यान दिऔं । यसले भन्छ, यदि समस्यामात्र खोजियो भने समस्या मात्र पाइन्छ । यदि सफलताहरू मात्र खोज्यौं भने सफलता नै सफलता पाइन्छ । र यदि, हामी आफ्नो परिकल्पनामा पूर्ण विश्वस्त छौं भने जताततै चमत्कार रै चमत्कार भएको पाउन सक्छौं ।

पालिकाले आफ्नो जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि गर्न या पालिका भित्रको विभिन्न निकाय, समितिहरूलाई सकारात्मक सोचका आधारमा विकासका काममा अग्रसर गराउनका लागि यो सिद्धान्तको अनुशरण गर्दा सबैभन्दा बढी प्रभावकारी हुन्छ । यहाँ ती सबैमध्ये पालिकाले शैक्षिक संस्था, समिति, शिक्षक र विद्यार्थीमा यो सिद्धान्तका आधारमा कसरी काम गर्ने भन्ने विषयका बारेमा उल्लेख गरिएको छ ।

पालिका अन्तर्गत रहेका विद्यालय र त्यहाँ कार्यरत शिक्षक, कर्मचारीहरूको सबल पक्ष या सम्भावनाहरू प्राय : अवसर नपाएर वा संगत परिवेशका कारणले प्रयोग विहीन अवस्थामा रहेको हुन्छ । प्रत्येक मानिस वा संघसंस्थामा त्यस्ता सम्भावनाहरू लुकेर बसेको हुन्छ । ती सम्भावनाहरूलाई कसरी प्रस्फुटन गराउन सकिन्छ भन्ने कुराको सकारात्मक ढंगले खोजी गर्नु पर्दछ । तपाई कल्पना गर्नुस त ती सबै सम्भावना र सबल पक्षहरू सदुपयोग गर्न सक्ने हो भने के भइसक्थ्यो होला ?

त्यसैले मानिस, समूह या संस्थाको सबल पक्षहरूको पहिचान गरी त्यसको सदुपयोग गर्दै दूरदृष्टि वा कल्पना गरिएको सपनामा कसरी पुग्ने भन्ने योजना बनाई कार्यान्वयन गर्ने प्रक्रियालाई नै एप्रिसियटिभ इन्क्वायरी हो । यो सिद्धान्तले के भन्छ भने जतिसुकै अप्ठेरो परिस्थितिमा पनि मानिस वा संघसंस्थामा केही न केही कुराले त काम गरिरहेकै हुन्छ । त्यो के हो त ? त्यो व्यक्ति वा संस्थाको स्पेशल कुरा हो । हो हामीले पहिले खोज्ने भनेकै स्पेशल कुरा हो र यसको सुरूवात प्रश्नबाट हुन्छ । कुनै पनि मानिस वा संस्थाको सफलताको सुरूवात नै प्रश्नबाट हुन्छ । जब मानिसको मनमा प्रश्न उब्जिदैन तबसम्म उसले सफलताको मार्ग समात्न सक्दैन । संघसंस्थालाई पनि प्रश्नबाटै सफलता तर्फ लान सकिन्छ । म को हूँ ? भन्ने प्रश्न आफैलाई गर्नुहोस । आफ्नो मनलाई नढाँटी आफ्ना सबल पक्षहरू खोतल्नुस । जसरी आफ्नो सबल पक्ष खोतल्नु हुन्छ त्यसैगरी समुदाय वा विद्यालयको पनि सवल पक्ष समूहमा खोज्नुस । धेरै सबल पक्ष पाउनु हुन्छ । अहिले हामीले गरिरहेको समस्याहरूको खोजी गर्ने र मन मस्तिष्कमै समस्यैै समस्यालाई कुदाई रहने । यसले काममा धेरै बाधा अडचन ल्याउँछ । मनले धेरै नकारात्मक कुरा सोचेर गरेका कामहरू गुणस्तरीय पनि हुँदैन । हामीले जेमा बढी ध्यान दिइरहेका हुन्छौं, जे जस्ता कुराहरू गरिरहेका हुन्छौं त्यही नै वास्तविकता भइरहेको हुन्छ । त्यसैले प्रत्येक व्यक्ति र संघसंस्थामा केही न केही सबल पक्षहरू रहेकै हुन्छन र त्यसकै आधारमा उन्नतीको खाका कोर्न सक्छौं । त्यसैले हामी एकात्कतामा हैन समग्रतामा जाऔं । असहमतिमा हैन सम्भावना र प्रस्तावमा जाऔं । साथै वादविवादमा हैन संरचनामा जाऔं । यसले हामीलाई कहाँबाट कहाँ पुऱ्याउँछ । पालिकाले यसलाई व्यवहारमा ल्याउनु जरूरी छ ।

प्रशंसनीय खोजलाई 4D अथवा 5D भनेर व्याख्या गर्ने गरिएको छ । 4D अर्थात Dicovery अर्थात खोजपडताल । यसको अर्थ व्यक्ति वा संघसंस्थामा भएका सम्भावना, सबल पक्षहरूको खोजबिन गर्नु हो । दोस्रो 'डी'मा Dream अर्थात सपना हो । हामी व्यक्तिगत रूपमा कहाँसम्म पुग्ने सपना देखेका छौं वा विद्यालयलाई कहाँसम्म पुऱ्याउने भन्ने सपना तय गर्ने भन्ने कुरा यसमा आउँछ । कुनै पनि व्यक्तिको वा संस्थाको आआफ्नो दूरदृष्टि तय गरिएको हुन्छ । कुनैपनि क्रियाकलाप गर्नुको उद्देश्य हुन्छ । ती उद्देश्य पूरा भएपछि लक्ष्य प्राप्ति हुन्छ । लक्ष्य पूरा भएपछि मात्र दूरदृष्टि वा सपना पूरा हुन्छ । त्यसैले क्रियाकलाप, उद्देश्य, लक्ष्य र दूरदृष्टि बीच अन्तरसम्बन्ध हुन्छ । हामी भन्ने गर्दछौं प्रगती गर्ने मानिसले आफ्नो भिजन, सपना वा दूरदृष्टि पहिले नै संकल्प गरेको हुन्छ । तपाईको कुनै दूरदृष्टि छ ? पालिकाले आफू अन्तर्गत रहेका विद्यालयका दूरदृष्टि तय गरेको छ ? छैन भने अब सम्भाव्यताहरूको खोजी गरेर ती सम्भाव्यताहरूलाई झन झन बढाउदै दूरदृष्टिमा पुग्ने रणनीति अंगिकार गर्नु पर्दछ ।

भनिन्छ परिकल्पना नगर्ने मानिस सही अर्थमा मानवीय गुण नभएको मानिस मात्र हो । यहाँ मानिस र मानवमा फरक देखाउन खोजिएको छ । मानिसले जे जे गर्नु हुँदैन भनेको छ त्यो नगरी गर्नहुने कुरा गर्ने मात्र मानव हो । मानवले गर्न नहुने भनिएको कुरा पनि गर्नेहरू मानिस मात्र हुन । उनीहरू मानव बन्न सकेका छैनन् । त्यसैलै परिकल्पना विनाको मानव नै हुदैन भन्ने मान्यता राख्दा परिकल्पनाले के गर्दछ भन्ने ध्यान दिऔं । भनिन्छ, परिकल्पना विनाको कार्य समय काट्ने मेलो मात्र हो । त्यसैगरी कार्य विनाको परिकल्पना रित्तो सपनामात्र हो । यो गर्नु न नगर्नुमा कुनै अन्तर नै छैन । र यो पनि भनिन्छ, परिकल्पना र कार्यको तालमेल मिल्यो या संगम भयो भने विश्वलाई नै परिवर्तन गराई दिन्छ । तर परिकल्पना गर्दा धेरै होशियारी अपनाउनु पर्दछ ।

पालिकाहरूले यो सिद्धान्त अनुसार विद्यालयहरूमा काम गर्न खोज्दा डिस्कोभरी त सबल पक्ष र सम्भावनाहरू खोजेर तयार गर्लान तर तब परिकल्पना गर्ने बेला आउँछ त्यसबेला भावनामा बगेर के के न गर्नेछौं भनेर असम्भव सपनाहरू परिकल्पना गर्न सक्ने सम्भावना हुन्छ । त्यसैले विद्यालयको सपना बनाउँदा वा परिकल्पना गर्दा आठवटा आधारहरूलाई विचार गर्नुपर्दछ । पहिलो, प्राप्त गर्न सकिने तथ्यपरक, अवस्थालाई परिवर्तन गर्ने खालको, तेस्रो, छोटो समयमा पूरागर्न सकिने वा समय तोकिएको हुनुपर्दछ । त्यसैगरी चौथो, दीर्घकालिन उत्प्रेरणा र इच्छा जाहेर गर्ने, पाँचौं, प्रतिवद्धता र प्रेरणा झल्किने खालको, छैठौं, निर्णयहरूलाई मार्गनिर्देश गर्न सक्ने हुनु पर्दछ । साथै यो श्रृजनात्मकताका लागि प्रयाप्त लचकता भएको हुनु पर्दछ । यसले स्पष्ट चित्र प्रस्तुत गर्न सक्नु पर्दछ वा भनौं दिमागमा एउटा इमेज बस्ने गरी स्पष्ट नक्शाङ्कन हुने गरी परिकल्पना तयार गर्नु पर्दछ ।

परिकल्पना पछि तेस्रो 'डी' मा Design (डिजाइन) र चौथो डी मा Destiny ( डेस्टिनि) पर्दछ । पछिल्लो 'डिजाइन' र 'डेस्टिनी' का बारेमा विद्यालयसंग जोडेर पालिका बहसको अर्को भागमा व्याख्या गरिने छ । धन्यवाद ।


## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक लहानपोस्ट् LAHANPOST DAILY

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)